# नेपालमा दासप्रथा उन्मूलन : एक अध्ययन

*ज्ञानी जोशी*[*]

**सारांश**

*मानिसलाई किनबेचको वस्तु बनाएर सम्पत्तिका रूपमा प्रयोग गरिने प्रथा दासप्रथा हो । विश्वमा दासप्रथाको निकै लामो इतिहास छ, विश्वका प्राचीनतम सभ्यताहरूदेखि प्रायः सबै सभ्यताहरूमा यो प्रथाले जरा गाडेको पाइन्छ । विश्वमा प्रायः हरेक समयका कालखण्डमा दासप्रथाका अवशेषहरू जीवित रहेका पाइन्छन् । नेपाल पनि दासप्रथाबाट अछुतो थिएन र शताब्दीयौँदेखि यो प्रथा प्रचलनमा थियो भन्ने तथ्य इतिहासबाट प्रमाणित हुन्छ । सभ्य समाज, मानवाधिकार संरक्षणको अवधारणा, मानव जातिमा बन्धुत्वको विकास तथा आधुनिक सोचका कारण दासप्रथालाई सभ्य समाजको कलङ्कका रूपमा हेरिन थालिएको हो । फलतः इतिहासमा कुनै समय राज्य र सरकारद्वारा वैधानिकता पाएको दासप्रथा विश्वव्यापी रूपमा नै उन्मूलनका लागि विविध प्रयासहरूले मूर्त रूप लिएकै परिणामस्वरूप वर्तमानमा विश्वका कुनै पनि मुलुकमा दासप्रथा कानुनी अस्तित्वमा छैन । नेपालमा पनि दासप्रथा उन्मूलनका लागि शङ्खधर साख्वादेखि पृथ्वीनारायण शाह तथा जङ्गबहादुर हुँदै चन्द्र शम्शेरसम्म विभिन्न प्रयासहरू गरिएको इतिहास छ । नेपालका सन्दर्भमा उल्लेख गर्ने हो भने विभिन्न कालखण्डमा पुरातन दासप्रथा उन्मूलनका लागि भए गरेका प्रयासहरू धेरै हदसम्म सफल हुनुका साथै मुक्तिपछि दासहरूको समुचित पुनर्वास तथा व्यवस्थापन पनि सकारात्मक ढङ्गमा अघि बढेको थियो । नेपालमा पुरातन दासप्रथा उन्मूलन धेरै हदसम्म सफल भए पनि आधुनिक दासप्रथाका रूपमा रहेका कमैया, हलिया, कमलरी प्रथा पनि उन्मूलन वा खारेजी सभ्य समाजका लागि अनिवार्य थियो । विभिन्न परिस्थितिजन्य कारणका परिणामस्वरूप दासप्रथाको नवीन स्वरूप वा अवशेषका रूपमा रहेका यी प्रथालाई नेपाली समाजबाट मुक्त गर्ने प्रयास सरकार तथा सरोकारवालाबाट भएका छन् तथापि यसतर्फ शतप्रतिशत सफलता हासिल गर्न अझै धेरै प्रयास गर्न बाँकी छ । दासप्रथा तथा दासप्रथाका नयाँ स्वरूप वा अवशेषहरूको पूर्ण उन्मूलनका लागि भए गरेका प्रयास, चुनौती तथा समाधानका विभिन्न प्रयासहरू यस आलेखमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।*

## परिचय

विश्वका पुराना प्रथाहरू मध्ये एक मानिने दासप्रथा प्राचीन कालदेखि नै सामाजिक प्रचलनमा रहेको मान्न सकिन्छ । हिन्दू धार्मिक पुराणहरूका अनुसार परापूर्व कालमा ऋण, जुवा तथा युद्धमा हारेकाहरूलाई दासका रूपमा राखिने प्रचलन थियो । जुन पछि क्रमिक रूपमा संस्थागत हुँदै पनि गयो । ऋगवेदमा दासहरूलाई सम्पत्तिका रूपमा पनि उल्लेख गरिएको छ । यस्तै राजा हरिश्चन्द्रले दासका रूपमा मुर्दा पोल्ने काम गरेको पनि हिन्दू धार्मिक ग्रन्थमा पाइन्छ ।

---

* उप-प्राध्यापक जोशी महेन्द्र रत्न क्याम्पस, त्रि.वि., ताहाचल, काठमाडौँमा प्राध्यापनरत हुनुहुन्छ ।

तत्कालीन समाजमा दासलाई जनावरको जस्तो व्यवहार गरिन्थ्यो । उनीहरूको अधिकार भनेकै स्वामीको इच्छामा निर्भर थियो । रोमन कानुनमा दासलाई मानवको स्थान प्राप्त थिएन (दुलाल, २०६५ : ६८) । विश्व इतिहास हेर्दा इशापूर्व आठ हजार वर्ष अघिदेखि दासप्रथा प्रचलनमा रहेको मानिन्छ । विश्वका प्रायः सबै सभ्यताहरूमा दासप्रथाले प्रश्रय पाएको पनि देखिन्छ । प्राचीन इजिप्ट, ग्रीस, भारत, चीन तथा रोमन साम्राज्यमा दासप्रथाका दस्तावेजहरू पाइनुले यस तथ्यलाई प्रमाणित गर्दछ । रोमन साम्राज्यको विस्तारसँगै दासप्रथाको विस्तार संसारभर भएको मानिन्छ । यस सन्दर्भमा बेलायती, जर्मनी, यहुदी, अरबी लगायतका जातिहरू श्रमका लागि मात्र नभई युद्ध कलाकौशल देखाउने तथा यौनसेविका जस्ता मनोरञ्जनका लागि समेत दास बनाइएका थिए । विश्वमा त्यस्तो कुनै पनि क्षेत्र वा मुलुक छैन जसमा दासप्रथाको अस्तित्व नभएको होस् । हाल विश्वका सबै मुलुकमा दासप्रथालाई अवैधानिक घोषित गरिएको छ । अफ्रिकी राष्ट्र मौरिटानिया दासप्रथालाई अवैध घोषणा गर्ने अन्तिम राष्ट्र भएको छ । जसले सन् १९८१ मा यो घोषणा गरेको थियो । मौरिटानियामा हाल पनि १० देखि २० प्रतिशत जनसङ्ख्याले दास जीवन बिताइरहेको अनुमान गरिएको छ (विकिपेडिया, २०१४) ।

**नेपाली परिवेशमा दासप्रथा**

नेपालमा दासप्रथा सुरुवातबारे एकिन समय थाहा नभए पनि यसको सुरुवात परापूर्व कालदेखि नै भएको मान्न सकिन्छ । हिन्दू धार्मिक पुराणहरूमा समेत दासदासीका बारेमा उल्लेख भएका कारण पनि नेपाली समाजमा यो प्रथा निकै अघिदेखि नै भएको मान्न सकिन्छ । दासप्रथाको अस्तित्व नेपालमा उत्तर प्राचीन कालदेखि विद्यमान रहेको पाइन्छ । छैठौं शताब्दी ई. को चाबहिलको अभिलेखमा यसबारे उल्लेख गरिएको पाइन्छ (जोशी, २०७० : ४१४) । क्रमिक रूपमा समाजमा यसले प्रश्रय पायो र राजाका दरबारहरूमा दासदासी राख्ने प्रथाको देखासिकी गर्दै ठूला घरघरानादेखि हुनेखानेका घर परिवेशमा समेत दासप्रथाको विस्तार भएको मान्ने आधारहरू छन् । लोकाख्यान तथा वंशावलीअनुसार इशाको नवौं शताब्दीमा काठमाडौँ उपत्यकामा शङ्खधर नामक एक व्यक्तिले दासहरूको सम्पूर्ण रकम उनीहरूका मालिकलाई तिरेर मुक्त गराएको भन्ने प्रसङ्ग छ ।

नेपाली परिवेशमा दासप्रथाको उद्भव विभिन्न कारणले भएको पाइन्छ । तीमध्ये धार्मिक, आर्थिक तथा परम्परागत नै प्रमुख हुन् । मन्दिरहरूमा दास वा दासीलाई पुण्य कमाउन चढाइने प्रचलन पनि पाइन्छ । देउ केटा वा देउ केटीका रूपमा यस्ताहरूको परिचय हुने गर्दथ्यो जुन मध्यपश्चिम तथा सुदूरपश्चिमका केही मन्दिरहरूका विशेषताका रूपमा अहिले पनि पाउन सकिन्छ । सन् १८०६ को गीर्वाणयुद्धविक्रम शाहको पालाको एक ताम्रपत्रका अनुसार बुद्धिरेखा गोदरनी नामक एक महिलाले धनावती नामकी एक कुमारीलाई पुण्य प्राप्तिका लागि काठमाडौँको पशुपति मन्दिरमा चढाएकी थिइन् (उपाध्याय, २०५५ : ३२०) । राजा पृथ्वीनारायण शाह, रणबहादुर शाह तथा मुख्तियार भीमसेन थापाका पालामा पनि दासप्रथा निकै नै फस्टाएको पाइन्छ । प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरका पालासम्म दासप्रथाले निकै जरो गाडिसकेको थियो ।

जङ्गबहादुरको समयमा सरकारी कर्मचारीहरूले नै उत्तरी भारतबाट बिक्रीका लागि ल्याइएका दासदासी अर्थात् कमाराकमारीहरू खरीद गर्दथे (क्षेत्री, २०४३ : १०) । डोटी, सल्यान, प्यूठान, काठमाडौँ जस्ता विभिन्न क्षेत्रमा दासप्रथा बारेका जानकारीलाई अध्ययन गर्दा नेपालका धेरै क्षेत्रमा यो प्रथा निकै विस्तारित भइसकेको स्पष्ट हुन्छ जुन निकै पछिसम्म पनि कायमै थियो । विशेष गरी पछिल्ला राणा प्रधानमन्त्रीहरूका पालासम्म दासप्रथाले नेपाली समाजको विशेषताका रूपमा आफ्नो पहिचान बनाइसकेको थियो ।

**नेपालमा दासप्रथा उन्मूलनका प्रयास**

बदलिंदो समयसँगै दासप्रथा मानवताविरोधी तथा सभ्य समाजका लागि कलङ्कका रूपमा रहेको जनचेतना विश्वव्यापी रूपमा फैलिंदै जान थालेको थियो । यस क्रममा अमेरिका, बेलायत तथा युरोपका विभिन्न मुलुकमा दासप्रथालाई गैरकानुनी घोषित गर्दै दासदासीलाई अमलेख प्रदान गर्ने काम भइरहेका थिए । यसैबीच नेपालमा पनि विभिन्न कालखण्डमा दासप्रथा नियन्त्रणका निम्ति केही प्रयास भए गरेका पाइन्छन् । ऐतिहासिक तथ्यअनुसार राजा पृथ्वीनारायण शाहले सन् १७६८ सालतिर काठमाडौँ उपत्यका नजिकको एक गाउँका धनदत्त नेवार नामक एक दासलाई मालिकको सास्तीबाट मुक्ति दिएको पाइन्छ । यसैगरी उनैले नै सन् १७७३ तिरै सात गाउँका दनुवार साहुहरूलाई ऋणीका सन्तानलाई दास नबनाउन आदेश पनि दिएका थिए (उप्रेती र थापा २०५३ : ७७) । तत्कालीन समयमा राजदरबार तथा उच्च पदस्थ भारदारहरूले दासदासी राख्नु सामाजिक प्रतिष्ठाका रूपमा हेरिन्थ्यो तर यस विषयमा पनि पृथ्वीनारायण शाहले नै राजदरबार तथा भारदारका दासदासीहरूलाई मुक्त गरी योग्यता अनुरूप सेनामा भर्ती गराउने आदेश पनि दिएका थिए (खत्री र दाहाल २०५३ : १८७) जसलाई दासप्रथा उन्मूलनतर्फको निकै सकारात्मक कदम मान्न सकिन्छ । नेपालको इतिहासमा दासप्रथा नियन्त्रण वा उन्मूलन गर्ने कदममा तत्कालीन मुख्तियार भीमसेन थापा, जङ्गबहादुर राणा, देवशमशेर राणा लगायतका व्यक्तित्वहरूको प्रयासलाई उल्लेखनीय मान्न सकिन्छ ।

समयको गतिसँगै समाजको धब्बाका रूपमा लिइएको दासप्रथा उन्मूलनका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा आवाज उठ्नुका साथै विशेष गरी आर्थिक स्वार्थमा आएको परिवर्तन, दास बनाइएका व्यक्तिहरूको प्रतिरोध, राजनीतिक विकासक्रम, दासमुक्त समाज बनाउने अभियान, धार्मिक समूहहरूको जोड नै विश्वमा दासप्रथा उन्मूलनका लागि कारक तत्त्व बने । बेलायतमा सन् १८३३ को जुलाई महिनामा बेलायती साम्राज्यभरि दासप्रथा उन्मूलन गर्न बेलायती संसद हाउस अफ कमन्समा विधेयक पारित गरियो । यस्तै सन् १९२६ मा लिग अफ नेसन्सद्वारा संसारबाट दासत्व प्रथा अन्त्य गर्न अन्तर्राष्ट्रिय अभिसन्धिकै निर्माण पनि गरियो ।

यी सबै परिवेशको प्रभाव नेपालमा पनि पर्नु स्वाभाविकै थियो र यसै क्रममा सन् १९२४ मा राणा प्रधानमन्त्री चन्द्र शम्शेरले काठमाडौँको टुँडिखेलमा राजा त्रिभुवन समेत सरिक भएको एक कार्यक्रममा दासप्रथाका नकारात्मक पक्षलाई सम्बोधन गर्दै यसको उन्मूलनका लागि जनमत सिर्जना गर्ने प्रयास गरे । यसको लगत्तै सन् १९२५ मा उनले नै दासदासीलाई मुक्त गर्न नियम बनाए । त्यतिबेला नेपालमा ५९८७३ जना

दासदासी रहेको तथ्याङ्क पनि सार्वजनिक गरियो जसमध्ये ५१,७८२ जना दासदासीलाई उनीहरूका मालिकलाई क्षतिपूर्ति तिरेर मुक्त गराइयो । यसका लागि पशुपतिनाथको गुठीबाट सरकारले ३६ लाख ७० हजार रुपियाँ झिकेको थियो र पशुपतिनाथको मन्दिरबाट रकम लिई मुक्त वा अमलेख (स्वतन्त्र) गरिएका हुनाले यी मुक्त दासदासीलाई शिवभक्त पनि भनिन थालियो (गृहस्थी, २०४१ : ९) । यसरी मुक्त गरिएका दासदासी कोही स्वेच्छाले पुरानै मालिक कहाँ बस्न चाहेमा स्वतन्त्र भएर काम गर्ने गरी त्यहीँ बस्न इजाजत पनि दिइएको थियो (राणा, २०६५ : २२२) । तत्कालीन सरकारले उनीहरूको समुचित आवासको व्यवस्थापनका लागि काठमाडौँ नजिकैको भिखनाठोरी नामक स्थानको नाम परिवर्तन गरी अमलेखगञ्जमा उनीहरूको बसोवास व्यवस्थित गऱ्यो । यसप्रकार विभिन्न कालखण्डबाट गुज्रिँदै नेपाल औपचारिक रूपमा दासप्रथा उन्मूलन भएको मुलुकका रूपमा पहिचान कायम गर्न सफल भयो ।

**नेपालमा दासप्रथाको अवशेष (अन्य स्वरूप)**

मुलुकबाट सन् १९२५ मा औपचारिक रूपमा दासप्रथा उन्मूलनको घोषणा गरिए पनि त्यसपछि पनि कमैया, हलिया, कमलरी जस्ता प्रथाहरू दासप्रथाको अवशेषका रूपमा कायमै रहेका पाइन्छन् । सरकारद्वारा यी प्रथा उन्मूलनको घोषणा गरिए पनि विशेष गरी नयाँ मुलुक अर्थात् बाँके, बर्दिया, कैलाली तथा कञ्चनपुरमा यो प्रथा पूर्ण रूपमा निमिट्यान्न हुन सकेको छैन ।

स्थानीय थारू तथा दलित जातिका व्यक्तिहरूलाई घरेलु तथा कृषि मजदुरका रूपमा काम गराइने प्रथा कमैया हो । मानवोचित जीवनयापन, चेतना अभिवृद्धि, आफ्ना सन्ततिका शिक्षादीक्षा तथा मानवाधिकार जस्ता कारणले दशकौँदेखि जारी कमैया प्रथा उन्मूलनका लागि सरकार तथा आफ्ना मालिकलाई दबाव स्वरूप केही कमैयाले आन्दोलन पनि गरेका थिए, तर यसबाट खासै सकारात्मक परिणाम केही निस्किन सकेको थिएन । यसमा राजनीतिक दलले पनि कमैयाहरूलाई खासै साथ दिएको पाइँदैन । समाजमा कमैया मुक्तिबारे चेतना बढ्दै जाने क्रमसँगै नागरिक समाज, मानवाधिकारकर्मी, सञ्चार माध्यम आदिको सहयोगबाट सरकारले कमैयाका दयनीय अवस्थाबारे वेवास्ता गर्न नसक्ने अवस्थामा पुग्यो । फलस्वरूप सरकारले सन् २००० जुलाई १७ मा कमैया मुक्तिको घोषणा गऱ्यो । साथै सरकारले छ महिनाभित्र मुक्त कमैयालाई सहज रूपमा पुनर्स्थापना गर्न आश्वासन पनि दिएको थियो ।

यसै गरी हलिया प्रथालाई पनि दासप्रथाको अवशेषका रूपमा लिन सकिन्छ । हलिया भन्नाले अरूको खेत जोतेर जीवन निर्वाह गर्ने एक किसिमको बँधुवा कृषि मजदुर भन्ने बुझिन्छ । यो प्रथा नेपालभरि नै पाइन्छ तथापि पश्चिम नेपालका पहाडी क्षेत्रमा यो प्रथा बढी मात्रामा छ । सन् २००८ सेप्टेम्बरमा नेपाल सरकारले यो प्रथा उन्मूलनको घोषणा गरेको थियो । रोयटर समाचार समितिका अनुसार मुक्त गरिँदाका बखत हलियाहरूको सङ्ख्या २० हजार थियो (रोयटर, २००८) । हलिया प्रथामा साहुको ऋण नतिरुन्जेल ऋणी कृषकले मालिकको खेत जोती रहनुपर्ने वाध्यता हुन्छ । यसै गरी केही हलिया मालिकका घरमा दासका रूपमा रहने गर्दछन् । यसका वापत उनीहरूलाई धेरै

कम वा विना पारिश्रमिक काममा लगाइन्छ । यो सन्तान दरसन्तान पनि चलिरहन्छ । कहीँकतै कृषि याममा मात्र काममा लगाइने गरिएको पाइन्छ भने खेतीपातीको समय बाहेक अन्य समय भारतमा गएर रोजगारी गर्न सक्ने छुट पनि दिइएको हुन्छ ।

कमलरी प्रथा पनि दासप्रथाको अवशेष वा अर्को स्वरूप नै हो । यो कमलरी प्रथाको उद्गम स्थल पनि मुख्यतया पश्चिम नेपालको थारू समुदाय नै हो । यस प्रथाअन्तर्गत थारू परिवारका बालिकाहरूलाई मालिकका घरमा घरेलु कामदारका रूपमा काठमाडौँ लगायतका शहरी क्षेत्रहरूमा पठाइने गरिन्थ्यो । केही परिवारमा पुस्तौंसम्म पनि यथावत रहने यस प्रथाको उदयको प्रमुख कारक तत्त्व चरम गरिबीलाई लिन सकिन्छ किनकि थारू परिवारले न्यून आयका कारण कठिन जीवनयापन गर्नुपर्ने बाध्यताका बीच छोरीलाई कमलरीका रूपमा पठाउँदा केही रकम प्राप्त हुनुका साथै परिवारको सदस्य सङ्ख्या कम हुँदा भरथेगमा पनि कम समस्या हुने थारू परिवारको बुझाइ हो । विशेष गरी माघी अर्थात् थारूहरूको नयाँ वर्ष माघ १ गते किनबेचको प्रक्रिया सुरु हुने कमलरी प्रथामा कमलरी परिवार तथा मालिकबीच एक वर्षे सम्झौता हुने गर्दथ्यो । यो समयावधि फेरि अर्को सम्झौतासँगै टुङ्गिन वा लम्बिन पनि सक्दथ्यो । साना थारू बालिकाहरूको शारीरिक तथा मानसिक शोषणले यो प्रथा पुरातन दासप्रथाकै स्वरूपमा राख्न सकिने अवस्थाको थियो तथापि यसरी वर्षौंसम्म पनि कमलरी प्रथा जारी रह्यो । समयक्रमसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका कारण पनि परम्परागत दासप्रथाको अवशेष कमलरी प्रथामाथि प्रतिबन्ध लगाउनु आवश्यक थियो । विभिन्न सामाजिक तथा गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय दवाव एवं वर्षौंको सामूहिक प्रयास स्वरूप नेपाल सरकारबाट औपचारिक रूपमा सन् २०१३ जुन २८ मा कमलरी प्रथामा पूर्ण प्रतिबन्ध लगाइएको घोषणा भयो ।

**समाजमा पुनर्स्थापनाका चुनौती**

चन्द्र शम्शेरले दासप्रथा उन्मूलन गर्दा मुक्तिपछिको सहज जीवनयापनका लागि दासदासीका लागि आवास तथा कृषिकार्य गर्न अमलेखगञ्जको जग्गा उनीहरूलाई प्रदान गर्नुका साथै तत्कालीन सरकारले उनीहरूलाई परिश्रम गरी अर्थोपार्जन गर्न सरकारले सहयोग गऱ्यो (यादव, २०५३ : २४२) । यस अर्थमा त्यतिबेलाको दासप्रथा उन्मूलन उल्लेखनीय रूपमा सफल भयो । यस परिवेशलाई आधार मान्ने हो भने कमैया, हलिया तथा कमलरी प्रथा खारेजीका लागि सरकारले बसोवास, सीप, रोजगारी, शिक्षा तथा आयमूलक कार्यक्रमको घोषणा गरेको पनि पाइन्छ, तर यी सबै पक्षहरूको इमान्दारीपूर्ण कार्यान्वयनका अभावमा कमैया, हलिया तथा कमलरीलाई समाजमा पुनर्स्थापना हुन निकै चुनौती देखिएको छ । कमैया मुक्तिको घोषणासँगै तत्कालीन श्री ५ को सरकारले प्रत्येक मुक्त कमैया परिवारको सहज जीवनयापनका लागि केही जमीन उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको थियो । यसरी उपलब्ध गराइएको जमीनमा आफ्नो पारिवारिक आवास निर्माण हेतु मुक्त कमैया परिवारलाई काठ पनि उपलब्ध गराउने वचनबद्धता सरकारले गरेको थियो । यसबाट मुक्त कमैयालाई केही हदसम्म आवास समस्या समाधान गर्न सहयोग पुग्यो तथापि उनीहरूलाई रोजगारी, शिक्षा तथा सीपमूलक आयका कार्यक्रमका सम्बन्धमा सरकार खरो उत्रन नसकेको तीतो वास्तविकता हो । मुक्त

कमैयाका वर्तमान अवस्थालाई हेर्दा तातो कराइबाट निस्केर आगोको भुङ्ग्रोमा खसेको प्रतीत हुन्छ । सरकारी अङ्ग्रेजी पत्रिका "द राइजिङ नेपाल" ले सन् २०१४ जुलाई २३ मा प्रकाशित गरेको एक समाचारअनुसार कञ्चनपुर जिल्लाको कृष्णपुरस्थित पुनर्स्थापना क्याम्पमा रहेका पूर्व कमैयाहरूले जीवन निर्वाहका लागि पुरानै मालिकका घरमा फर्किन वाध्य भएको र सरकारद्वारा उपलब्ध सहयोग आवास निर्माणका लागि मात्र ठिक्क भएको छ । यसबाट समेत स्पष्ट हुन्छ मुक्त कमैयाहरूको अवस्था । बेला-बेलामा मुक्त कमैयाहरूले गर्ने आन्दोलन यसैको उपज हो । मुक्त कमैया आन्दोलनबाट जे जति आशा गरिएको थियो, त्यसको प्राप्ति हुनसकेको छैन । मुक्त कमैया घोषणासँगै उनीहरूलाई मालिकहरूले मुक्त त गरिदिए, तर सरकारले उनीहरूको मुक्तिपश्चात् जीवनका लागि कुनै पूर्व तयारी गरेको थिएन । हिजोसम्म मालिकका घरमा गास, बास र कपास पाइरहेका कमैयालाई मुक्तिसँगै न्यूनतम मानवीय आधारभूत आवश्यकता पनि निकै टाढाको विषय बन्न पुग्यो । सरकारले पूर्व तयारीविना कमैया मुक्तिको घोषणा गरेका कारण मुक्त कमैया रोजगारविहीन बन्न पुगेको यथार्थ हो । रोजगारीका लागि भारत हानिनु वा पूर्व मालिकका घरमा फेरि दैनिक ज्यालादारीमा काम गर्नुपर्ने वाध्यता उनीहरूका लागि सिर्जना भएको छ । सञ्चार माध्यमहरूले पनि मुक्त कमैयाहरू फेरि पूर्व मालिकका घरमा फर्केका तथा उनीहरूले छोराछोरीलाई घरेलु कामदारका लागि पठाएको समाचार प्रवाह गरिरहेका पनि पाइन्छन् । तसर्थ कमैया मुक्ति सैद्धान्तिक रूपमा भए पनि वास्तविक रूपमा नभएको भन्न सकिन्छ ।

कमैया नेता राधेश्याम रानाले परिवारलाई खुवाउन फेरि मालिकका घरमा काम गर्न वाध्य भएको पनि बताउँदै सरकार उनीहरूलाई सीपयुक्त तालिम, रोजगारी तथा ऋण उपलब्ध गराउने प्रतिवद्धतामा चुकेको आरोप पनि लगाए । मुक्त कमैयाका साना ४० बालबालिका भारतका विभिन्न स्थलमा कुल्लीका रूपमा काम गरिरहेको पनि उनीहरूले बताएका छन् । पुनर्स्थापना क्याम्पमा रहेका सबैको एउटै आवाज छ- मुक्तिको १४ वर्ष भए पनि हाम्रो जीवनस्तरमा अझै कुनै प्रगति भएको महसुस भएको छैन (गोरखापत्र अनलाइन, २०१४) । यसैगरी प्रकाशित अर्को समाचार अनुसार कमैया मुक्तिको १४ वर्ष भइसके पनि सरकारले उनीहरूलाई समाजमा पुनर्स्थापना गर्ने कार्यमा अति थोरै कार्य गरेको छ परिणामस्वरूप उनीहरूको अवस्था निकै दयनीय छ (सिग्देल, २०१४) ।

यसै गरी हलिया मुक्त गराउने कार्यमा अग्रसर सरकारले उनीहरूको जीवनस्तर उकास्न उल्लेखनीय कार्य गर्न नसकेको पनि यथार्थ हो । सरकारी मुखपत्र गोरखापत्रमा प्रकाशित एक समाचारले पनि यस तथ्यलाई उजागर गर्छ । 'मुक्त भएपछि हलियालाई झनै सास्ती' शीर्षकमा "गोरखापत्र" मा सन् २०१४ डिसेम्बर २६ (२०७१ पुस ११ गते) प्रकाशित एक समाचारअनुसार डडेल्धुरा जिल्लास्थित गौलीगाउँका मुक्त हलियाको अवस्था बुझ्न गएको जिल्लास्तरीय अनुगमन टोलीको स्थलगत अनुगमन टोलीसँग मुक्त हलियाहरूले मुक्त भएको लामो अवधि भइसके पनि आफूहरूले सरकारबाट पाउनु पर्ने सेवा र सुविधा पाउन नसकेको गुनासो गरेका थिए जसले उनीहरूको पछिल्लो अवस्थालाई स्पष्ट पार्छ । गा.वि.स. बाट विनियोजन गरिने लक्षित वर्गका कार्यक्रमका

बारेमा समेत आफूहरूलाई थाहा नभएको उनीहरूले बताए । सरकारले हलियाहरूलाई मुक्त हलियाको परिचयपत्र थमाए पनि प्रतिबद्धता अनुरूप सरकारबाट उचित पुनर्स्थापना नभएको गुनासो जायजै हो । समाचारका अनुसार मुक्त हलियालाई बसोवासको पनि समस्या छ र उनीहरूको बासस्थानको ठेगान नहुँदा खुला आकाश मुनि रात बिताउनुपर्ने बाध्यता छ । 'हलिया मुक्तिपश्चात् आफूहरूले अझै बढी पीडा बेहोरिरहेका छौं' समाचारमा उल्लेखित मुक्त हलियाहरूको भनाइ छ ।

कमलरी मुक्तिका क्रममा पनि सरकार लगायत विभिन्न सरोकारवाला पक्षहरूले कमलरी बालिकाहरूलाई निकै भरथेग तथा सहयोगको आश्वासन दिएका थिए, तर वास्तविकता अर्कै छ । कतिपय कमलरीहरूको अवस्था पहिलेभन्दा गएगुज्रिएको टिप्पणी सार्वजनिक भइरहेका छन् भने कतिपय फेरि पुरानै मालिककहाँ फर्कनु पर्ने अवस्था सिर्जना भएको छ । पुनर्स्थापना गरिएका कतिपय कमलरीको अवस्था पनि दयनीय रहेको तथ्य दाङस्थित एक होस्टेलमा राखिएका पूर्व कमलरीहरूले एक महिनादेखि राम्रोसँग खाना नपाइरहेको (के.सी., २०१४) बाट समेत स्पष्ट हुन्छ । सरकारले पूर्व कमलरीलाई प्रति महिना रु. २५०० खाना तथा रु. ५०० पकेट खर्च गरी रु. ३००० होस्टेलमा बस्ने पूर्व कमलरीहरूलाई उपलब्ध गराउँदै आए पनि सरकारले बाह्रै महिना सो रकम उपलब्ध नगराउँदा उनीहरूलाई समस्या परिरहेको पनि विभिन्न सञ्चार माध्यमका समाचार बनेका छन् । यसरी समष्टिगत रूपमा विश्लेषण गरिंदा दासप्रथा तथा यसका नयाँ स्वरूप वा अवशेषलाई उन्मूलन गरिएको सरकारी प्रयासलाई सकारात्मक मान्न सकिए पनि उनीहरूको पुनर्स्थापनाप्रति सरकारको उदासीनता आफैमा दुःख लाग्दो कुरो हो । यस अर्थमा यी प्रथाहरूको उन्मूलन वा खारेजीमा सरकारले स्वयं जिम्मेवारी महसुस गरेको कदमभन्दा सस्तो लोकप्रियता हासिल गर्न खोजिएको कदम जस्तो प्रतीत भएको छ ।

**समाधानका उपाय**

दासप्रथाका अवशेष वा नयाँ स्वरूपलाई खारेज वा उन्मूलन गर्न सरकारले आफ्नो दायित्व महसुस गर्नु पर्दछ न कि सस्तो लोकप्रियता कमाउने माध्यम । यसर्थ सरकारले कमैया, हलिया वा कमलरी जस्ता प्रथा उन्मूलन वा मुक्तिको औपचारिक घोषणा गरिनुअघि उनीहरूको पुनर्स्थापनाका लागि पूर्व तयारी पनि गरिनु अनिवार्य हुन्छ जसका लागि उनीहरूको गणना, उपलब्ध गराइने सेवा सुविधा जस्ता विषयवस्तुहरूको निर्क्यौल गरिनु कार्यक्रमको सफलताका आधार हुन् । मुक्त गरिएका कमैयाको एकिन सङ्ख्या स्वयं सरोकारवालाहरूसँग पनि छैन, कहींकतै उनीहरूको सङ्ख्या ७० हजार भनिन्छ त कतै एक लाखको हारहारीमा । यस्तै अवस्था कमलरी तथा हलियाको पनि छ ।

आफ्ना नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारी, गाँसबास जस्ता न्यूनतम आधारभूत आवश्यकता उपलब्ध गराउनु राज्य तथा सरकारको प्रमुख दायित्व हो र मुक्त कमैया, कमलरी र हलिया यसका अपवाद हुन सक्दैनन् । यी सबै व्यवस्थाका लागि सरकारसँग पर्याप्त मात्रामा आर्थिक स्रोतको उपलब्धता पनि त्यत्तिकै जरुरी हुन्छ वा यसको उपलब्धताका लागि सरकारले रणनीतिको तर्जुमा गर्नु पर्ने हुन्छ, तर नेपालका सन्दर्भमा कमैया, कमलरी, हलिया मुक्तिको घोषणामा यसतर्फ पर्याप्त ध्यान दिन

नसकिएको देखिन्छ । पर्याप्त आर्थिक स्रोतको अभावकै कारण उनीहरूलाई गरिएको प्रतिबद्धता सरकारले पूरा गर्न सकेको पाइँदैन, जसको परिणाम उनीहरूलाई उपलब्ध गराइने भनिएको आधारभूत आवश्यकता परिपूर्ति हुन नसक्नुले पनि प्रस्ट पार्छ । फलस्वरूप यी मुक्तिका घोषणाहरू सस्तो लोकप्रियताका लागि मात्र भएका हुन् कि भन्ने प्रश्न बेलाबखत उठ्ने गर्दछन् । सन् १९२५ को दासप्रथा उन्मूलनका क्रममा चन्द्रशम्शेरले पशुपतिनाथको ढुकुटी समेतको प्रयोग गरेका थिए, तर वर्तमानमा कति रकम आवश्यक छ र त्यसको उपलब्धता कसरी गर्ने भन्ने पनि रणनीति देखिंदैन । यसबाट दासप्रथाका नयाँ स्वरूपको उन्मूलन सोचे अनुरूप सफल हुन नसकेको भनाइलाई पूर्ण रूपमा नकार्न सकिने अवस्था पनि छैन ।

यस्ता आधारभूत विषयवस्तुहरूमा ध्यान दिन सकिएमा मुक्त कमैया, कमलरी र हलियाहरूका समस्या समाधानका लागि निकै महत्त्वपूर्ण कदम हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

**निष्कर्ष**

आधुनिक सभ्य समाजको कलङ्कको रूपमा रहेको सबै प्रकारका दासप्रथा उन्मूलनका लागि विश्व परिवेश, सामाजिक तथा वैयक्तिक सचेतनामा अभिवृद्धि, परनिर्भरतामा कमी तथा सुदृढ आर्थिक स्थिति, राजनीतिक लोकप्रियता लगायतका विभिन्न कारक तत्त्वहरूले नेपालमा पनि दासप्रथा उन्मूलनका सन्दर्भमा सकारात्मक वातावरणको सिर्जना हुन पुग्यो । वर्षौंको प्रयासको फलस्वरूप राणा प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा औपचारिक रूपमा दासप्रथा उन्मूलन भए पनि नेपालमा दासप्रथाका अवशेषका रूपमा रहेका कमैया, हलिया, कमलरी जस्ता प्रथाहरू नेपाली समाजका लागि टाउको दुखाइका रूपमा थिए । पहिलो जनआन्दोलनपछिका सरकारहरूले यी प्रथाको उन्मूलनतर्फ केही प्रयास गरेकै फलस्वरूप नेपालमा कमैया, कमलरी, हलिया जस्ता प्रथालाई कानुनी रूपमा नै बन्देज लगाइयो । कानुनी तथा सामाजिक दृष्टिकोणबाट नेपाल पूर्ण रूपमा दासप्रथाका अवशेषबाट समेत मुक्त भएको मान्न सकिए पनि व्यवहारमा यो बन्देजको खासै अर्थ नभएको देखिएको छ । मुक्त भनिएका कमैया, कमलरी तथा हलियाहरूका वर्तमान अवस्थालाई विश्लेषण गर्दा केहीलाई छोडेर धेरैजसोको अवस्था पूर्ववत् वा झनै नाजुक भएका उनीहरूको जीवनस्तर वा भनाइबाट समेत देखिएको छ । यस अर्थमा कुनै प्रथा उन्मूलन वा प्रतिबन्धको घोषणा मात्रै महत्त्वपूर्ण नभएर त्यसको पूर्ण कार्यान्वयन हुन सके मात्र ती घोषणाले सार्थकता पाउन सक्दछन् ।

यस अध्ययनबाट के पनि निष्कर्षमा पुग्न सकिन्छ भने शताब्दीयौंदेखि जरो गाडेर बसेको दासप्रथालाई उन्मूलन गर्न दह्रो सामाजिक तथा राजनीतिक दृढ इच्छाशक्तिका साथै योजनाबद्ध रणनीतिको पनि त्यत्तिकै आवश्यकता पर्दछ । जसरी चन्द्र शमशेरले आफ्नो दृढ इच्छाशक्तिबाट पशुपतिनाथको ढुकुटीबाट नगद लिएर भए पनि दासप्रथा उन्मूलनमा कस्सिए र मुक्त दासहरूको जीविकोपार्जन तथा पुनर्स्थापनाका लागि अमलेखगञ्जमा आवास तथा जमिनको व्यवस्था गरी उनीहरूलाई सहज जीवनयापनको व्यवस्था उपयुक्त तवरमा गरिदिए त्यसैको परिणामस्वरूप ती मुक्त दासहरूको पुनर्स्थापना

सम्भव भयो । चन्द्र शम्शेरको दासप्रथा उन्मूलनको यो काम एक प्रकारले सफल भएको मान्न सकिन्छ ।

दासप्रथाका अवशेष वा नयाँ स्वरूपका रूपमा रहेका कमैया, हलिया, कमलरी जस्ता प्रथालाई हटाउन वर्तमानमा सरकारले गरेका प्रयास शतप्रतिशत सफल हुन नसकेका ती मुक्त हलिया, कमैया तथा कमलरीका जीवनस्तर तथा सार्वजनिक भएका तथ्यहरूका अध्ययनबाट समेत स्पष्ट हुन्छ, यसबाट यी घोषणा वास्तविकतामा आधारित भएर भन्दा सस्तो राजनीतिक लोकप्रियताका लागि घोषणा भएका हुन् कि भन्नेबारेमा प्रश्नचिन्ह उठाउन सकिन्छ । एउटा मुक्त कमैया, कमलरी वा हलियालाई मुक्तिको घोषणापछि दैनिक व्यवहार चलाउन फेरि पुरानै मालिकका घरमा फर्किनु पर्ने स्थितिको सिर्जना हुनु सरकार वा ती मुक्त गरिएकाहरूका लागि कुनै पनि अर्थमा मानवोचित घटनाका रूपमा लिन सकिन्न । आजको समयमा मानिसलाई गासबासको व्यवस्थाका साथै व्यवहारिक शिक्षा, सीप तथा रोजगारीका माध्यमहरू समाजमा सम्मानपूर्ण जीवनयापनका प्रमुख आधारहरू हुन् । यी आधारहरू तयार गरिसकेपछि मात्र सरकारबाट उनीहरूको मुक्ति घोषणा गरिएको भए यसले पूर्ण रूपमा सार्थकता पाउन सक्ने कुरामा शङ्का हुँदैन्थ्यो, तर सरकारले वास्तविक समस्या समाधानतर्फ भन्दा मुक्ति घोषणालाई प्राथमिकतामा राख्यो । फलस्वरूप यो घोषणा कार्वान्वयनका दिशामा शतप्रतिशत खरो उत्रिन सकेन ।

अध्ययनका क्रममा कतिपय मुक्त कमैया, कमलरी तथा हलियाहरूले आफूहरूका लागि सरकारद्वारा उपलब्ध गराइएका कार्यक्रमहरूबारे पनि अनभिज्ञता प्रकट गरेको पाइएबाट सूचना प्रवाहमा समेत सरकार चुकेको स्पष्ट हुन्छ । उनीहरूका निम्ति ल्याइएका कार्यक्रमहरूको दुरूपयोगको सम्भावना पनि रहन्छ । यसर्थ सरकारले यसप्रकारका कार्यक्रम सञ्चालन गर्नुअघि उनीहरूलाई प्रदान गरिने सीपमूलक कार्यक्रम अनि रोजगारी तथा बसोवासका लागि सञ्चालन गरिने कार्यक्रमका सम्बन्धमा सचेतना तथा यथेष्ट जानकारी दिनुपर्ने आवश्यकता रहेको पनि यस अध्ययनबाट देखिएको छ ।

## सन्दर्भ कृतिसूची

उपाध्याय, श्रीरामप्रसाद, (२०५५). *नेपालको समीक्षात्मक इतिहास.* ललितपुर : साभ्का प्रकाशन ।

उप्रेती, प्रेमरमण र थापा, कृष्णबहादुर (२०५३). *नेपालको संक्षिप्त सामाजिक, आर्थिक तथा कूटनीतिक इतिहास.* काठमाडौं : साभ्का प्रकाशन ।

खत्री, प्रेमकुमार र दाहाल, पेशल (२०५३). *आधुनिक नेपालको सामाजिक इतिहास.* ललितपुर: साभ्का प्रकाशन ।

गृहस्थी, होमप्रसाद (२०४१). “नेपालमा करिया मोचन,” *प्राचीन नेपाल,* सङ्ख्या ८४, कात्तिक- मंसिर ।

जोशी, हरिराम (२०७०). *प्रदीप अभिनय संस्कृति विश्वकोष.* भक्तपुर : वकर्स पब्लिकेशन ।

दुलाल, टंकप्रसाद (२०६५). *विश्वका प्रमुख कानून प्रणालीहरू.* काठमाडौं : पैरवी प्रकाशन ।

यादब, पिताम्बरलाल (२०५३). *नेपालको राजनैतिक इतिहास.* बिहार : विजयकुमार ।

राणा, प्रमोद शमशेर (२०६५). *राणा शासनको वृतान्त.* काठमाडौँ : पैरवी बुक हाउस ।

क्षेत्री, दिलबहादुर (२०४२). "नेपालमा दासप्रथा मोचनका प्रयास र सफलता." *प्राचीन नेपाल,* ९२ -९७, माघ-फागुन ।

Gorkhapatra Online, (2014). Plight of Ex-kamaiyas Remain Unaddressed. Retrived from. http://trn.gorkhapatraonline.com/index.php/detour/11419-plight-of-ex-kamaiyas-remains-unaddressed.html. Accessed on 2014-12-24.

K.C., Durga Lal (2014). Ex- Kamalaris Girls Go Hungry as School Lands in Financial Row. Retrived from http://www.ekantipur.com/2014/12/21/national/ex-kamlari-girls-go-hungry-as-school-lands-in-financial-row/399310.html. Accessed on 2014-12-24.

Reuter, (2008). Nepal Abolishes Slave Labour System. Retrived from http://in.reuters.com/article/2008/09/07/idINIndia-5363420080907. Accessed on 2014-12-25.

Sigdel, Chahna (2014). 14 yrs on, Not Much Changes for Kamaiyas. Retrived from http://www.ekantipur.com/2014/07/19/top-story/14-yrs-on-not-much-changes-for-kamaiyas/392368.html) Accessed on 2014-12-24.

Wikipedia, (2014). Slavery. Retrived from http://en.wikipedia.org/wiki/Slavery. Accessed on 2014-12-22.